# राष्ट्रिय सदाचार नीति, २०७४

(प्रस्तावित)

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं ।

## विषय–सूची


१. पृष्ठभूमि ........ २

२. नेपालमा सदाचार पद्दतिको विकासका लागि भएका प्रयासहरू........ ३

३. वर्तमान स्थिति तथा चुनौती ........ ४

४. नयाँ सदाचार नीतिको आवश्यकता ........ ५

५. राष्ट्रिय सदाचार नीतिको दीर्घकालीन सोंच ........ ५

६. लक्ष्य........ ५

७. उद्देश्य........ ५

८. नीति........ ६

९. रणनीति........ ६

१०. कानूनी व्यवस्था ........ २०

११. संस्थागत व्यवस्था ........ २०

१२. कार्यान्वयनसम्बन्धी व्यवस्था ........ २०

१३. विविधः ........ २१

१४. नीतिको समीक्षा र परिमार्जन सम्बन्धि व्यवस्थाः........ 22

१५. राष्ट्रिय सदाचार नीतिको प्रयोग........ २२

१६. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था........ २२

१७. जोखिमः........ २२

अनुसूची १ ........ २३

## १. पृष्ठभूमि

लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि सुशासन अनिवार्य शर्त हो । लोकतन्त्र र सुशासन एक अर्काका परिपूरक पनि हुन् । लोकतन्त्रबिनाको सुशासन र सुशासनबिनाको लोकतन्त्रले देशको सर्वाङ्गीण विकासमा मद्दत पुग्दैन । लोकतान्त्रिकरणको अभियानलाई मजबुत बनाउन सन् १९९० पछि सुशासनको अवधारणा पनि व्यापक बन्न पुग्यो । यी दुबै अवधारणालाई सँगसँगै अघि बढाएर मुलुकको सर्वाङ्गीण विकास हासिल गर्ने सार्थक प्रयास भइरहेका छन् । सुशासनको अवधारणा मूलत राज्य सञ्चालनका विविध पक्षमा हुनुपर्ने आमूल परिवर्तनसँग सम्बन्धित छ । आवधिक निर्वाचन, कानूनको शासन, अधिकारको निक्षेपण, पारदर्शिता, उत्तरदायित्व, स्वच्छता, सदाचारिता, जवाफदेहिता, नैतिकताजस्ता आधारभूत लोकतान्त्रिक मूल्य, मान्यताको अवलम्बनद्धारा सुशासन प्रवर्द्धन गरी जनताका आवश्यकताको सहज परिपूर्ति गर्नु नै राज्य सञ्चालनको मूल ध्येय रहेको छ ।

लोकतान्त्रिक शासन पद्दतिमा शक्ति पृथकीकरण एवम् सन्तुलनको सिद्धान्तअनुरूप जनताले चुनेका प्रतिनिधिले जनताको तर्फबाट शासन सञ्चालन गर्ने व्यवस्था सुनिश्चित गरिएको हुन्छ । जननिर्वाचित सभाले कानून निर्माण गर्ने र सरकारले त्यसको कार्यान्वयन गरी जनस्तरमा विकास एवम् सेवासुबिधा पु-याउने व्यवस्था मिलाइएको हुन्छ । जननिर्वाचित सभाले तय गरेको कानून परिपालनाको जाँच गरी जनतालाई न्याय दिने काम न्यायपालिकाको हुन्छ । सरकारको काममा प्रभावकारिता ल्याउन सरकारको विस्तारित संयन्त्रको रूपमा विभिन्न स्वतन्त्र, संवैधानिक एवम् अन्य संस्थाहरू खडा गरिएको हुन्छ । यस्ता स्वतन्त्र संस्थाहरूको सञ्चालन छुट्टै कानूनले निर्देशन गर्दछ ।

यसैगरी सरकारको काममा सहयोग पु-याउन निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा सामुदायिक संघसंस्थाहरूले आ-आफ्नो ठाउँबाट काम गरिरहेका हुन्छन । स्वेच्छापूर्वक स्वतन्त्र रूपमा काम गर्ने यी संस्थाहरूले संविधान, कानूनको परिधिभित्र रहेर मुलुकको हित प्रवर्द्धन गर्नुपर्ने हुन्छ । त्यस शिलशिलामा संस्थागत व्यावसायिक आचारसंहिताको अनिवार्य पालना महत्वपूर्ण हुन्छ । यद्यपि त्यसको परिपालना एवम् नीति, नियमको बर्खिलापमा पदाधिकारी तथा कर्मचारीहरू रहन सक्ने सम्भावना रहन्छ । सबै संस्था संविधान, कानूनभित्र रहेर पद्दतिगत ढङ्गले चल्न नखोज्ने कारणले नै सरकारको नियामक भूमिकाको आवश्यकता परेको हो । यी सबै क्षेत्रमा हुने भ्रष्टाचार, अनियमितता, अनुचित एवम् विकृतिजन्य कार्यले स्रोत र साधनको दुरूपयोग एवम् असमानता बढाउँदछ । फलस्वरूपः मुलुकको हित प्रवर्द्धनमा बाधा पुग्न जान्छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा राजनीतिक दलहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । राजनीतिक दल जति बढी लोकतान्त्रिक मूल्य, मान्यताप्रति सजग, प्रतिवद्ध, जनमुखी, जनउत्तरदायी र कानूनको शासनप्रति चनाखो हुन्छन् त्यति नै लोकतान्त्रिक संस्कारको विकास एवम् सुशासन मजबुत हुन्छ । तसर्थ राजनीतिकर्मी र उनीहरूका अनुयायीहरूको व्यवहारले समग्र समाजलाई कुन नैतिक धरातलमा राख्ने भन्ने विषयको समेत निर्धारण गर्ने हुँदा वास्तविकतामा सदाचारिताको नैतिक बन्धन यो क्षेत्रसँग बढी जोडिएको छ ।

सुशासनको एक महत्वपूर्ण खम्बा सदाचारिता (Integrity) भएकोले त्यसलाई हासिल गर्न सार्वजनिक क्षेत्रका सबै पदाधिकारी तथा कर्मचारीले देशको संविधान, कानून र सम्बन्धित संस्थाको कार्यप्रकृति अनुरूपको आचरणको पूर्ण पालना गर्नुपर्ने हुन्छ । संघीय संरचनामा सबै तहका व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकाका तह र राज्य सञ्चालनमा संलग्न सबै किसिमका संस्थाका पदाधिकारी तथा कर्मचारीका लागि छुट्टै सदाचारका नियमहरू बनाइएको हुन्छ । सदाचार नियमहरू पालना नगर्नेउपर उपयुक्त कारवाहीको लागि कानूनी व्यवस्था पनि गरिएको हुन्छ । यस्ता नियमहरूको पालना गर्नु, गराउनु सम्बद्ध सबैको कर्तव्य हो । यसै तथ्यलाई हृदयङ्गम गरी सबै क्षेत्रलाई स्वच्छ, स्वस्थ, प्रतिस्पर्धी एवम् पद्दतिगत रूपमा संचालन गर्न एकीकृत रूपमा राष्ट्रिय सदाचार नीति जारी गरिएको छ ।

## २. नेपालमा सदाचार पद्दतिको विकासका लागि भएका प्रयासहरू

नेपालमा भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्धनका लागि अनेकौं प्रयासहरू भएका छन् । संविधान र कानूनहरूमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी प्रावधानको व्यवस्था छ । विभिन्न नीति तथा रणनीतिहरू बनेका छन् । कतिपय संस्थाका पदाधिकारी तथा कर्मचारीहरूका लागि आचार संहिताहरू बनेका छन् । संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग जस्ता संस्थाको व्यवस्था भएको छ । यसैगरी सरकारी संयन्त्र अन्तर्गत राष्ट्रिय सतर्कता केन्द्र लगायत विभिन्न निकायहरूको गठन गरिएको छ ।

### २.२.१ संवैधानिक व्यवस्था

नेपालको संविधान, २०१९ ,नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान नेपालको संविधानका कतिपय तर मूलभूत प्रकृतिका कुरा विगतको संविधानसँग मिल्दाजुल्दा छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वर्तमान कार्यक्षेत्रभित्र अनुचित कार्यलाई समेटिएको छैन । यो संविधानले पनि निजी क्षेत्र, सहकारी संस्था, गैर सरकारी संस्था र विदेशी गैरसरकारी संस्थामा हुने भ्रष्टाचारलाई सम्बोधन

गरेको पाइदैन । यस्ता संस्थाका पद सार्वजनिक पद नहुँदा यस बारे छुट्टै कानूनी व्यवस्था गर्नु जरूरी देखिन्छ ।

### २.२.२ कानूनी व्यवस्था

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने तथा सुशासन कायम गर्ने सम्बन्धमा धेरै अगाडिदेखि कानूनहरू बनेका हुन् । यसरी बनेका अधिकांश कानूनहरू भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित छन् । निजामती सेवा ऐनको आचरण खण्डमा निजामती कर्मचारीले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था गरिएको छ । निजामती सेवा ऐनका प्रावधानलाई आधार मानेर अन्य सेवा सम्बन्धी कानूनहरूमा आचरणका नियमहरू बनाइएको छ । नेपालमा नयाँ कानूनको रूपमा जारी भएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले सुशासन कायम गर्ने विषयमा निकै राम्रा प्रावधानहरूको व्यवस्था गरेको छ । निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ सदाचार पद्दतिको स्थापनाका दृष्टिले निकै राम्रो कानूनी व्यवस्था मानिन्छ ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, सार्वजनिक खरिद ऐन, २०६३, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ लगायत समय-समयमा जारी भई कार्यान्वयनमा रहेका कानूनी व्यवस्थाले निजामती कर्मचारीलाई सदाचारी बन्न प्रेरित गरेको पाइन्छ ।

### २.२.३ अन्य

भ्रष्टाचारविरूद्धको रणनीति तथा कार्ययोजना, २०६५ तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धीको कार्यान्वयन कार्ययोजना २०६९ जस्ता कानूनी व्यवस्थाहरू कार्यान्वनमा छन् । यसैगरी न्यायाधीश, संवैधानिक निकायका पदाधिकारीहरू,गैर सरकारी संस्था एंव निजि क्षेत्रका व्यवसायिक संस्थाहरूले कार्यान्वयनमा ल्याएका व्यवसायिक आचार संहिताले सदाचार पद्दतिको विकासमा सहयोग पुगेको पाइन्छ ।

## ३. वर्तमान स्थिति तथा चुनौती

भ्रष्टाचार नियन्त्रण तथा सदाचार पद्दतिको विकास गर्ने विषय आफैमा निकै चुनौतीपूर्ण छ ।सरकार एक्लैको प्रयासवाट यो विषय निराकरण हुन सक्तैन। शासकीय व्यवस्था (Governance System) का हरेक क्षेत्रमा कानूनको सही र सम्मानजनक परिपालनामा कमीकमजोरी रहि आएको कारण पद्दतिमा आधारित रहेर काम गर्ने परिपाटी कमजोर भएकोछ ।

अवको समयमा व्यवसायिक निष्ठा र इमान्दारिताको संस्कृति आफैवाट स्वघोषित रूपमा व्यवहारमा ल्याउनुपर्ने विषय चुनौतीपूर्ण रहेपनि यस्को अपरिहार्यता महशुस भएकोछ ।शासकीय कृयाकलापको विस्तृतमा

निजी र संस्थागत क्षेत्रको महत्वपूर्ण जिम्मेवारी र भूमिका रहने भएकाले यस क्षेत्रले सबैका लागि साझा नैतिक दायित्व र व्यवसायिक निष्ठा सार्वजनिक गरी पारदर्शी रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता टट्कारो देखिएको छ ।

## ४. नयाँ सदाचार नीतिको आवश्यकता

(१) देशको विकास निर्माण, सेवा प्रवाह र शासकीय व्यवस्थाका सबै तहका विविध प्रवृत्ति र रूपका अनियमितता एवम् भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सदाचारयुक्त, नैतिकवान, सुसंस्कृत र समृद्ध समाजको निर्माण आजको आवश्यकता हो । सार्वजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी एवम् सहकारी क्षेत्र र नागरिक समाजका संस्था तथा पदाधिकारीसम्म पुगेको भ्रष्टाचारजन्य प्रवृत्ति, घटना र कार्य एवम् अनियमितता, ढिलासुस्ती, लापरवाही, गलत निर्णय वा अनिर्णय तथा यस्तै अन्य विविध विकृति विसङ्गतिलाई निराकरण गर्नु अत्यावश्यक भएको छ । यस किसिमका विसङ्गतिको निराकरणका लागि सरकारद्धारा कार्यान्वयनमा ल्याइएका कानून, नीति,रणनीति,कार्ययोजना को समिक्षा सहित भ्रष्टाचार र अनियमितताका सबै सार, रूप र रङ्गको नियन्त्रण गर्न, माग र आपूर्ति दुबै पक्षलाई समेट्नका निमित्त पनि एकीकृत रूपमा राष्ट्रिय सदाचार नीतिको आवश्यकता महसुस भएको छ ।

(२) भ्रष्टाचार नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धीको अनुमोदन गर्ने पक्ष राष्ट्र भएकोले उक्त महासन्धीका प्रावधानले सृजना गरेका दायित्व पुरा गर्न राष्ट्रिय सदाचार नीति बनाई कार्यान्वयन गर्नु पर्ने भएको छ ।

(३) विभिन्न क्षेत्रका संस्थाहरूले आचरणका नियमहरूको व्यवस्था गर्ने क्रम बढेको तर त्यस्ता नियमहरूमा एकरूपता ल्याउन आवश्यक देखिएकोले पनि एकीकृत राष्ट्रिय सदाचार नीतिको आवश्यकता भएको हो ।

## ५. राष्ट्रिय सदाचार नीतिको दीर्घकालीन सोंच

सार्वजनिक, निजी, सहकारीलगायत समाजका सबै क्षेत्रमा सदाचारिता कायम गर्दै सुशासनको प्रवर्द्धन गर्ने ।

## ६. लक्ष्य

६.१ सदाचारयुक्त पद्दतिलाई संस्थागत गर्दै सभ्य समाज निर्माण गर्ने ।

६.२ सदाचारितालाई संस्थाको जीवन पद्दतिको अभिन्न अंग बनाउने ।

## ७. उद्देश्य

७.१ संस्थागत सुशासन(Corporate Governance) संस्कृति विकास गर्ने ।

७.२ सदाचारका मूलभूत मूल्य मान्यताका आधारमा संस्थागत सुशासन संस्कृतिको विकास गर्ने ।

७.३ सार्वजनिक काममा सदाचार पद्दतिको विकास र प्रबर्धन गर्ने ।

७.४ सार्वजनिक कार्यमा संलग्न प्रत्येक व्यक्तिमा आत्मअनुशासनको भाव विकास गर्ने ।

## ८. नीति

८.१ राष्ट्रिय सदाचार पद्दतिका मूलभूत मूल्य मान्यता र नियमहरू निर्धारण गर्ने ।

८.२ सार्वजनिक कामको जिम्मेवारी पाएका विभिन्न पदगत / संस्थागत सदाचार नियमहरू परिपालना गर्ने ।

८.३ सदाचार सम्बन्धी अध्ययन अनुसन्धान र नियमन गर्ने संस्थागत व्यवस्था गर्ने ।

८.४ सदाचारका नियमहरूको कार्यान्वयनको अनुगमन तथा नियमनको पद्दति निर्धारण गर्ने ।

## ९. रणनीति

९.१ राष्ट्रिय सदाचार पद्दतिका मूलभूत मूल्य मान्यता र नियमहरूको निर्धारण (८.१ सँग सम्बन्धित)

९.१.१ सदाचार पद्दतिका मूलभूत मूल्य मान्यता

९.१.१.१ राष्ट्रिय सदाचार पद्दतिका मूलभूत मूल्य मान्यताहरू देहाय बमोजिम हुनेछन् :

(१) वैधानिकता: प्रचलित कानून बमोजिम संस्थाको स्थापना, पदाधिकारीहरूको नियुक्ति र कार्यसञ्चालन भएको हुनुपर्ने ।

(२) सेवाभाव : सबै किसिमका संस्थाको मूलमन्त्र जनता वा सेवाग्राहीको सेवा गर्ने हुनुपर्ने ।

(३) निष्पक्षता: कसै उपर पनि अबान्छित रूपमा पक्षपातपूर्ण व्यबहार गर्न नहुने ।

(४) स्वच्छता : निर्णय, कार्य, सेवा प्रवाह र व्यबहारमा स्वच्छता हुनु पर्ने ।

(५) स्वार्थरहितता: पदाधिकारी तथा कर्मचारीले आफू, आफ्नो परिवारको सदस्य वा आफन्त र अन्य किसिमको सम्बन्धको स्वार्थमा आफ्नो पदको दुरूपयोग गर्न नहुने ।

(६) इमान्दारिता : पद र जिम्मेवारी अनुसारको कार्य सम्पादन र व्यवहारमा इमान्दार हुनुपर्ने ।

(७) सदाचार : साधन स्रोतको कानूनसंगत प्रयोग र कानूनबमोजिम बाहेक काम गरेवापत् कसैबाट कुनै लाभ लिन नहुने ।

(८) कार्यकुशलता : साधन स्रोतको समुचित र मितव्ययी प्रयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्ने ।

(९) पारदर्शिता : निर्णय, कार्य र व्यबहारमा खुलापन हुनुपर्ने ।

(१०) जिम्मेवारीता: संस्थागत र पदीय हैसियतले आफ्नो जिम्मेवारी अनुरूप कार्य गर्नु पर्ने ।

(११) उत्तरदायित्व: आफुले गरेको निर्णय र कार्यप्रति आफैंले उत्तरदायित्व लिनुपर्ने ।

(१२) समानता र समता: निर्णय र कार्य गर्दा सबैप्रति समानता हुनेगरी कार्य गर्नुपर्ने ।

तर,

समाजमा रहेका जेष्ठ नागरिक, अपाङता भएका व्यक्ति, गर्भावस्थाको मानिस, शारिरीक अवस्थाले अशक्त व्यक्ति ,बालवालिका लगायतलाई राज्यबाट प्रवाहित हुने सेवा प्रवाहमा विशेष प्राथमिकता दिनु पर्ने ।

(१) आदर : आफुले सेवा पुर्याउनुपर्ने नागरिकप्रति सदैब आदरपूर्वक व्यबहार गर्ने ।

(२) नेतृत्व : संस्था वा कामको नेतृत्व गर्नेले आफु उदाहरणीय भई कार्य गर्ने ।

(३) मानव अधिकार : मानव अधिकारप्रति सजग रही कार्य गर्ने ।

(४) न्यायिक मनको प्रयोग गर्ने : कार्य गर्दा वा सेवा प्रवाह गर्दा प्रत्येक व्यक्तिले न्याय पाएको अनुभूति हुने गरी कार्य गर्ने ।

(५) कार्यविधि निर्धारण र समयको परिपालना: निर्धारित कार्यविधि पालना गरी तोकिएको समयमै कार्य सम्पन्न गर्ने ।

९.१.१.२ सार्वजनिक काम गर्ने जिम्मेवारी पाएका पदाधिकारी तथा कर्मचारीहरूको व्यावसायिक निष्ठा र व्यवहार देहाय बमोजिम हुनेछ :

(क) देशको संविधान, कानून र पेशागत मूल्य मान्यताको पालना गर्ने ।

(ख) आफ्नो पेशामा प्रवेश गर्दा लिएको सपथको पालना गर्ने ।

(ग) सेवा नै धर्म हो भन्ने मूल मन्त्रको अवलम्बन गर्ने ।

(घ) समयमा निर्णय र कार्य गर्ने ।

(ङ) आफूले गरेका निर्णय र कार्य पद्दतिमा पारदर्शिता अपनाउने ।

(च) आफूले गरेका निर्णय र कार्यहरूको जवाफदेहिता आफुले लिने ।

(छ) साधन स्रोतहरूको सही र इमान्दारीपूर्वक अधिकतम उपयोग गर्ने साथै व्यक्तिगत हितको लागि प्रयोग नगर्ने ।

(ज) पदीय र व्यक्तिगत रूपमा सदाचारयुक्त व्यवहार गर्ने ।

(झ) हित वा स्वार्थ बाझिएको कुराको अग्रिम र लिखित खुलासा गर्ने र त्यस्तो विषयमा संलग्न नरहने ।

(ञ) इमान्दारी, तटस्थता, असल चालचलन, उच्च नैतिकता जस्ता व्यबहार प्रदर्शन गर्ने ।

(ट) आफुभन्दा माथिको पदाधिकारी वा कर्मचारीसँग आदरपूर्वक व्यबहार र आफु मुनिकाहरूसँग शिष्ठ व्यबहार गर्ने ।

## ९.२ सार्वजनिक कामको जिम्मेवारी पाएका विभिन्न पदाधिकारीहरूले पालना गर्नुपर्ने सदाचारका नियमहरू (८.२ सँग सम्बन्धित)

**९.२.१ विधायिकाका पदाधिकारी तथा सदस्य** : संघीय संसद , प्रदेश सभा र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको लागि देहाय बमोजिमका सदाचार सम्बन्धी नियमहरू बनाई लागू गर्ने व्यवस्था गरिनेछ :

### ९.२.१.१ सम्पत्ति विवरण सम्बन्धी व्यवस्था

(१) विधायिकाको पदाधिकारी वा सदस्यले आफ्नो सगोलका परिवारका सदस्यको आय, सम्पति, दायित्व, कारोवार, उपहार, स्वदेश र विदेश यात्रा, बाहिरी पद र सम्झौता बारे सार्वजनिक (Disclose) गरी प्रतिवेदन पेश गर्नु पर्ने ।

(२) यस्तो विवरण पदभार ग्रहण गरेको ६० दिनभित्र र प्रत्येक वर्ष आर्थिक वर्ष शुरू भएको ६० दिनभित्र बुझाउनु पर्ने ।

(३) तोकिएको समय भन्दा ढिलो बुझाएमा निश्चित रकम विलम्ब शुल्क तिर्नु पर्ने ।

(४) सदनको सम्बन्धित समितिले प्रतिवेदनको पुनरावलोकन गर्ने व्यवस्था गर्नुपर्ने ।

### ९.२.१.२ अतिरिक्त आम्दानी गर्न प्रतिबन्ध

(१) तलव पाउने गरी अन्यत्र व्यावसायिक काम गर्न नपाउने ।

(२) पदभार ग्रहण गरेपछि कुनै ब्यापार व्यवसाय गर्न नहुने ।

(३) कुनै व्यावसायिक फर्मसँगको सम्बन्धबाट कुनै रकम लिन नपाउने ।

(४) कुनै पनि संगठनका लागि बोर्ड सदस्य वा पदाधिकारीको रूपमा तलवी सेवा प्रदान गर्न नपाउने ।

(५) विधायिकाको सम्बन्धित समितिको पूर्व स्वीकृति विना अध्यापन गर्न नपाउने।

### ९.२.१.३ उपहार सम्बन्धी व्यवस्था

(१) सदस्य वा पदाधिकारीले पदसँग सम्बन्धित काम गर्ने संस्था वा व्यक्तिबाट निश्चित मूल्यभन्दा माथिको उपहार लिन नहुने ।

(२) सदस्यको पति वा पत्नी र परिवारको आश्रित सदस्यले प्राप्त गर्ने उपहारको बारेमा पनि जानकारी गराउनु पर्ने ।

(३) सदस्यले प्राप्त गर्ने व्यक्तिगत आतिथ्यको सीमा सुनिश्चित गर्ने ।

### ९.२.१.४ यात्रासम्बन्धी व्यवस्था

(१) स्वदेशमा निश्चित दिन र विदेशमा निश्चित दिनभन्दा बढी रहने बस्ने गरी सरकारी क्षेत्र बाहेक अन्य क्षेत्रको सहयोगमा यात्रा गर्न नहुने ।

(२) समितिमा अग्रीम लिखित सूचना दिएर अपवादात्मक अवस्थामा यात्रा अवधि बढाउन सकिने ।

(३) सरकारी यात्राका लागि सीमा लागू नहुने ।

(४) आफ्नो खर्चमा यात्रा अवधि बढाउन सकिने ।

### ९.२.१.५ स्वार्थ बाझिने अवस्था

(१) निजी स्वार्थको लागि पद र गोप्य सूचनाको प्रयोग गर्न नहुने ।

(२) निजी र वित्तीय स्वार्थमा खास रूपमा प्रभाव पर्ने अवस्थामा बाहेक मतदान गर्नु पर्ने ।

(३) आफु वा आफ्नो परिवारका सदस्यको उद्यमसँग सम्बन्धित कानूनको निर्माणको समयमा निर्णयमा सहभागी नहुने ।

(४) विधायिकाका कार्यालयमा परिवारका सदस्यलाई खुला प्रतिस्पर्धाबाट नियुक्त हुने बाहेक जागिर दिन नहुने ।

(५) आफूले गरेका निर्णय र कार्यहरूमा गोपनियता र पारदर्शिताको सन्तुलन हुनुपर्ने ।

### ९.२.१.६ अन्य

(१) सेवा अवकाश भएपछि पनि निश्चित समयसम्म विदेशी सरकारको प्रतिनिधित्व गर्न नहुने ।

(२) अवकाश उप्रान्त खास समयसम्म तेस्रो पक्षका तर्फबाट विधायिका वा त्यसका कुनै कार्यालयमा उपस्थित हुन वा केही कुरा भन्न नहुने ।

(३) सार्वजनिक हितलाई प्राथमिकता दिनु पर्ने, सार्वजनिक र निजी हित मिसाउन नहुने ।

(४) विधायिकाको मर्यादाको निम्ति जनताको विश्वास र भरोसा बढाउने काम गर्नुपर्ने ।

(५) आफ्नो हित सम्बद्ध विषय सम्बन्धित कक्षमा दर्ता गर्ने र त्यस बारे सम्बन्धित सदन समिति वा अवस्था अनुसार सरकारी निकाय वा पदाधिकारीको ध्यान आकर्षित गर्न नहुने ।

(६) प्राप्त भएको साधन स्रोत र सुविधाको दुरूपयोग गर्न नहुने ।

(७) विधायकको हैसियतमा प्राप्त गरेको गोप्य सूचनाको प्रयोग कर्तव्य पालनाको निम्ति मात्र गर्नुपर्ने । तर वित्तीय फाइदा उठाउनको निम्ति प्रयोग गर्न नहुने ।

(८) विधायिकाका पदाधिकारीहरूले विदेशी राष्ट्रद्वारा प्रदान गरिने डिभी पिआर लिन नहुने ।

**९.२.२ राजनीतिक दलः** राजनीतिक दलका पदाधिकारीहरूको लागि अन्य कुराका अतिरिक्त देहाय बमोजिम सदाचार सम्बन्धी नियमहरू बनाई लागू गरिनेछ :

(१) दलको सबै तहका पदाधिकारी निर्वाचित वा मनोनित वा नियुक्त भएपछि ६० दिनभित्र सम्बन्धित दलको सम्बन्धित तहको सचिवालयमा सम्पत्ति विवरण पेश गर्ने व्यवस्था गर्ने। यस्तो विवरणमा थप घट भएमा त्यस्को ६० दिनभित्र पेश गर्नुपर्ने ।

(२) राजनीतिक दलको पदाधिकारी वा सदस्य कुनै सार्वजनिक पदमा नियुक्त भएमा प्रचलित कानून अनुसार तोकिएको

निकायमा अनिवार्य रूपमा सम्पत्ति विवरण पेश गर्ने व्यवस्था गर्ने ।

(३) राजनीतिक दलले संघ, प्रदेश र स्थानीय तहमा सम्बन्धित तहका पदाधिकारीको सम्पत्ति विवरण अद्यावधिक गर्ने संयन्त्रको अनिवार्य व्यवस्था गर्ने ।

(४) संविधान र प्रचलित कानूनले दलको सदस्य हुन अयोग्य भनी तोकिएका विषयमा आफ्नो नाम समावेश छैन भन्ने कवूलनामा राजनीतिक दलको कुनै पनि पदमा निर्वाचित वा मनोनित भएपछि सम्बन्धित दलको प्रमुख समक्ष पेश गर्ने र त्यस्तो कवूलनामाको अद्यावधिक अभिलेख राख्ने व्यवस्था सम्बन्धित दलले गर्ने ।

९.२.३ **गैरसरकारी संस्था** : गैरसरकारी संस्था र तिनका पदाधिकारीहरूको लागि अन्य कुराका अतिरिक्त देहाय बमोजिम सदाचार सम्बन्धी नियमहरू बनाई लागू गरिने छ :

(१) गैरसरकारी संस्थालाई विदेशीबाट सहयोग लिने र नलिने गरी मुख्य दुई वर्गमा विभाजन गरी त्यस भित्र पनि कार्यप्रकृतिका आधारमा वर्गीकरण गर्ने ।

(२) विदेशी सहयोग लिनु भन्दा पहिले कुन कामको लागि कति रकम लिने हो भन्ने खुलाई अर्थ मन्त्रालयबाट स्वीकृति लिने ।

(३) दर्ता भएका गैरसरकारी संस्थाले कार्यक्रम संचालन गर्न स्वीकृति पाएका कार्यक्षेत्रसँग सम्बन्धित स्थानीय तहलाई सो को जानकारी दिनुपर्नेछ र कार्यक्रम सम्पन्न भएपछि सो स्थानीय तहबाट सिफारिस लिई दर्ता भएको सम्बन्धित निकायमा पेश गर्नुपर्ने ।

(४) अर्थ मन्त्रालयबाट स्वीकृत भएअनुसार विदेशीबाट सहयोग प्राप्त गरेको सात दिनभित्र अर्थ मन्त्रालय र स्थानीय प्रशासनमा विवरण सहित सूचना दिनु पर्ने ।

(५) गैरसरकारी संस्थाले सरकारी ठेक्का लिन नपाउने ।

(६) अन्तर्राष्ट्रिय(विदेशी) गैरसरकारी संस्थाका लागि प्रतिवेदन वा विधेयक वा अन्य विवरण तैयार गरेको भए त्यसको प्रति सम्बद्ध निकायमा बुझाउनु पर्ने ।

(७) प्रशासनिक प्रयोजनको लागि निश्चित प्रतिशत भन्दा बढी रकम खर्च गर्न नपाउने ।

(८) नवीकरण गर्नुपर्ने म्याद नाघेको मितिले तीन महिनापछि खारेज हुने ।

(९) एउटा संस्थामा एक परिवारबाट एकजना भन्दा बढी व्यक्ति कार्यकारी तहमा रहन नपाउने ।

(१०) एउटा व्यक्ति दुई कार्यकाल भन्दा बढी कार्यकारी पदमा रहन नपाउने ।

(११) सार्वजनिक पदमा रहेको व्यक्ति गैससमा रहन नपाउने ।

(१२) नेपालविरूद्ध अवान्छित लाञ्छना लगाउने, हिन वा द्वेष भावना पैदा गराउने वा घृणा सामाग्री तयार गर्ने कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको पक्षमा पक्षपोषण (lobbying) गर्न नहुने ।

(१३) कुनै विदेशी नागरिक वा विदेशी संस्थाले नेपाल, नेपालको सभ्यता, नेपाली—नेपालीबीचको सद्भाव विरूद्ध काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचित गर्नु पर्ने ।

### ९.२.४ विदेशी नागरिक वा अन्तर्राष्ट्रिय (विदेशी) गैरसरकारी संस्थासम्बन्धी आचरणः

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र तिनका पदाधिकारीहरूको लागि अन्य कुराका अतिरिक्त देहाय बमोजिम सदाचार सम्बन्धी नियमहरू बनाई लागू गरिने छ :

(१) प्रत्येक अन्तरार्ष्ट्रिय गैर सरकारी संस्थाले आफ्नो बार्षिक कार्यक्रम र बजेट स्पष्ट गरी अर्थ मन्त्रालयमा निवेदन दिने र अर्थ मन्त्रालयवाट स्वीकृति प्राप्त भएपछि मात्र नेपालमा खर्च गर्न पाउने व्यवस्था गर्ने ।

(२) आफ्नो मूल विधान र नेपालमा आवद्ध हुँदा तोकिएका शर्तको उल्लंघन गर्न नपाउने ।

(३) संस्थाले गरेका करयोग्य खर्चलाई करको दायरामा ल्याउनु पर्ने ।

(४) लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्ने ।

(५) नेपालभित्र कुनै पनि प्रयोजनको लागि रकम सङ्कलन गर्न नपाउने ।

(६) नेपालमा कानून निर्माण, नीति निर्माणजस्ता विषयमा पक्षपोषण गर्न वा दबाब सिर्जना गर्न वा प्रभाव पार्न नहुने ।

(७) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले संगठित रूपमा प्रभाव पार्न र दबाब दिन नपाउने ।

(८) नेपालविरूद्ध अवान्छित लाञ्छना लगाउन, हिन वा द्वेष भावना पैदा गराउन वा घृणा सामाग्री तयार गरी आफ्नो देशमा पठाउन वा प्रचार गर्न नपाइने ।

(९) तथ्याङ्क संकलन गर्दा तथ्याङ्क ऐन अनुसारका प्रक्रिया पूरा गर्नु पर्ने ।

(१०) आफैले सिधै परियोजना सञ्चालन गर्न नपाउने ।

(११) नेपाल सरकारको अनुमति विना कुनै प्रतिवेदन सिधै आफ्नो देशमा पठाउन नपाउने ।

(१२) निश्चित प्रतिशत भन्दा बढी रकम प्रशासनिक, परामर्शदाता खर्च, विदेश भ्रमण र होटल बीलमा खर्च गर्न नपाउने ।

(१३) काम गर्न पाउने विदेशीको संख्या निश्चित गर्नु पर्ने ।

(१४) नेपालको सभ्यता, संस्कृति, सामाजिक सम्बन्ध र सद्भाव विपरीत काम गर्न नहुने ।

(१५) आफ्ना मुलुकका धार्मिक सामाजिक र अन्य एजेन्डामा झुकाव वा लागू गर्न नपाउने ।

(१६) सार्वजनिक पदमा रहेका व्यक्तिलाई सोही निकायको काममा सुविधा दिने ।

(१७) राज्यको निकायबाट निवृत भएको पाँच वर्ष नपुगेका प्रथम श्रेणी वा सो भन्दा माथिका अधिकारी र संवैधानिक अंग वा निकायका पदाधिकारी बैदेशिक सहयोगमा संचालित कुनै गैर सरकारी संस्थामा सेवा निवृत्त भएको ५ (पाँच) बर्षपछि काममा गएमा सरकारी निकायवाट कुनै सुविधा नपाउने ।

(१८) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा कार्यरत विदेशी व्यक्ति तीन वर्ष भन्दा बढी अवधि नेपालमा सो हैसियतमा रहन नपाउने ।

(१९) नवीकरण गर्नुपर्ने म्याद नाघेको मितिले तीन महिनापछि खारेज हुने ।

(२०) विदेशी गैर सरकारी संस्थाको नियमन नियन्त्रण गर्न कानूनी र संरचनागत व्यवस्था गर्ने ।

(२१) नेपालको हित विपरीत काम गर्ने, कानून उल्लघन गर्नेको सम्बन्धन वा दर्ता खारेज गर्ने ।

(२२) दूतावास वा विदेशी धार्मिक संस्थाको सहयोगीको रूपमा वा तिनको Narrative का लागि काम गर्नेको सम्बन्धन वा दर्ता खारेज गर्ने ।

(२३) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्न आउने विदेशीलाई व्यक्तिगत विवरण (Track Record) हेरेर मात्र अनुमति दिने ।

(२४) धर्म परिवर्तन गराउने कार्य कानुनतः दण्डनीय भएकोले विदेशी व्यक्ति वा संस्थाले प्रत्यक्ष वा परोक्ष रूपमा धर्म परिवर्तन नगर्ने, नगराउने सपथपत्रमा हस्ताक्षर गरी पेश गर्नुपर्ने ।

(२५) धर्म परिवर्तन गराउने काममा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न भएको पाइए सम्बन्धन खारेज गर्ने व्यवस्था गर्ने ।

**९.२.५ कूटनीतिक क्षेत्र** : कूटनीतिक व्यवस्था र पदाधिकारी एवम् कर्मचारीका सम्बन्धमा अन्य कुराका अतिरिक्त देहायका विषय समावेश गरी सदाचारका नियमहरू बनाई लागू गरिने छः

(१) नेपालस्थित कुटनीतिक नियोग र पदाधिकारीसँग र विदेशस्थित नेपाली कुटनीतिक नियोगका पदाधिकारीहरूले र सार्वजनिक पद धारण गरेका नेपाली पदाधिकारीहरूले विदेशी कुटनीतिक पदाधिकारीहरूसँग भेटघाट वा व्यवहार गर्दा राष्ट्रप्रति निष्ठावान भई एवम् मुलुकको सर्वोपरि हितलाई ध्यानमा राखी सार्वभौमिक समानता, राष्ट्रिय स्वाभिमान र राष्ट्रिय सम्मानको विपरीत नहुने गरी गर्ने ।

(२) वैदेशिक सहायता प्राप्त गर्न विदेशी पदाधिकारीहरूसँग औपचारिक छलफल वा वार्ता गर्दा मुलुकको वैदेशिक सहायता नीति प्रतिकूल नहुने गरी एवम् राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रहरूमा मात्र सहायता लिने गरी प्रबन्ध मिलाउने । साथै, वैदेशिक सहायता रकम राष्ट्रिय बजेटमा समाहित हुने शर्तमा मात्र लिने व्यवस्था मिलाउने ।

(३) नेपाल सरकारलाई आर्थिक वा अन्य दायित्व पर्ने गरी कुनै पनि प्रकारका सन्धि, संझौता, समझदारीपत्र वा प्रोटोकलमा नेपाल सरकारबाट अख्तियारी प्राप्त नगरी हस्ताक्षर नगर्ने । साथै, मुलुक वा मुलुकवासीको स्वभिमान र प्रतिष्ठामा आँच पुग्ने भाव वा आशयको कुनै पनि दस्तावेजमा नेपालको तर्फबाट हस्ताक्षर नगर्ने ।

(४) सार्वजनिक पद धारण गरेका एवम् राज्यका गोप्य वा महत्वपूर्ण सूचना सुरक्षित राख्ने जिम्मेवारी पाएका व्यक्तिले विदेशी पदाधिकारी वा व्यक्ति समक्ष त्यस्ता सूचना वा जानकारी प्रकट नगर्ने ।

(५) विदेशी राज्यले वा नेपालका लागि प्रमाणीकृत कुनै पनि विदेशी कूटनीतिक नियोग वा अन्तर्राष्ट्रिय संस्थाले नेपाल सरकारको स्वीकृति नलिइ मुलुकको सार्वजनिक वा निजी क्षेत्रमा सिधै लगानी वा खर्च गर्न पाउने गरी सार्वजनिक पद धारण गरेको कुनै राष्ट्रसेवकले कुनै पनि प्रकारले अख्तियारी दिन नहुने ।

(६) सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रत्यक्ष एवम् परोक्ष रूपमा आर्थिक वा अन्य कुनै प्रकारको निजी लाभ प्राप्त गर्ने शर्तमा नेपाल सरकारलाई आर्थिक वा अन्य क्षति हुने वा हानी नोक्सानी पुग्ने गरी कुनै काम कारवाही गर्न नहुने ।

(७) विदेशी पदाधिकारीसँग शिष्टाचार भेट गर्दा वा भेट दिंदा, अन्तर्राष्ट्रिय सभा सम्मेलनमा भाग लिन जाँदा एवम् त्यस्ता कार्यक्रममा नेपाल सरकारको अवधारणा प्रस्तुत गर्दा, विदेशी राष्ट्र, विदेशी कुटनीतिक प्रतिनिधि र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क वा पत्राचार गर्दा, उपहार, आर्थिक सहयोग, मानपदवी,

आदि प्राप्त गर्दा वा विदेशी नागरिकलाई प्रदान गर्दा एवम् विदेशी राष्ट्र, विदेशी कुटनीतिक प्रतिनिधि र अन्तर्राष्ट्रिय संस्थाहरूसँग गरिने अन्य सवै प्रकारका सम्पर्क, समन्वय, शिष्टाचार, आतिथ्यता जस्ता विषयमा नेपाल सरकारले स्वीकृत गरेको तत्काल प्रचलित कुटनीतिक आचार संहिता मुताविकको आचरणको पालना गर्नुपर्नेछ ।

(८) विदेशी गैर सरकारी संस्था वा तिनमा काम गर्ने व्यक्तिले नेपालको हित विपरीत कुनै काम गरेको पाइए त्यस्तो संस्थालाई नवीकरण नगर्ने र त्यस्ता कार्यमा संलग्न विदेशी व्यक्तिलाई फिर्ता पठाउने र अवस्था अनुसार पुनः नेपाल आउन नपाउने सूचीमा राख्ने ।

(९) नेपालमा कार्यरत विदेशी व्यक्ति वा विदेशी गैरसरकारी संस्थाका क्रियाकलाप माथि निगरानी राख्न गृह मन्त्रालयमा छुट्टै संयन्त्र बनाउने र नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागमा छुट्टाछुट्टै वा यी निकायको समन्वयमा कुनै खास संयन्त्र बनाउने र यसको प्रतिवेदन गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पनि दिने व्यवस्था गर्ने ।

**९.२.६ संवैधानिक निकायका पदाधिकारी तथा कानूनद्वारा स्थापित विशेष संस्थाका पदाधिकारी सम्बन्धी व्यवस्था :** संवैधानिक निकायका पदाधिकारी तथा कानूनद्वारा स्थापित विशेष संस्थाका पदाधिकारीका सम्बन्धमा अन्य कुराका अतिरिक्त देहायका सदाचारसम्बन्धी नियमहरू बनाई सम्बन्धित संस्थाले लागू गर्ने व्यवस्था मिलाइनेछः

(१) कुनै राजनीतिक दलको सदस्य भइसकेको वा त्यस्तो दललाई नियमित रूपमा लेभी बुझाई रहेको व्यक्ति न्यायालय र संवैधानिक पदका लागि अयोग्य हुने व्यवस्था गर्ने ।

(२) कुनै व्यक्ति संवैधानिक पदमा नियुक्तिको लागि सिफारिस भएपछि नियुक्त हुनु भन्दा पहिले नै निजले कुनै दलको कहिल्यै सदस्य नरहेको र लेभी तिर्ने नगरेको भनी घोषणा गर्नु पर्ने व्यवस्था गर्ने ।

(३) न्यायपालिका तथा विभिन्न संवैधानिक निकायहरूका पदाधिकारीहरूको सेवा शर्तसम्बन्धी ऐनमा तोकिएको भन्दा बढी सुविधा लिने गरी निर्णय गर्न नहुने ।

(४) संवैधानिक निकायका पदाधिकारीहरूले नेपाल सरकारको निर्णय विना विदेश भ्रमण गर्न नहुने ।

(५) संवैधानिक निकायका पदाधिकारीहरूले व्यक्तिगत काममा विदेश जानु पर्ने भए के प्रयोजनको लागि कति समय विदेशमा रहने हो भन्ने कुरा परराष्ट्र मन्त्रालयलाई अनिवार्य जानकारी गराउनु पर्ने ।

(६) न्यायपालिका, संवैधानिक निकाय र सुरक्षासम्बन्धी निकायले गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सिधै सहयोग लिई कार्यक्रम सञ्चालन गर्न नहुने ।

**९.२.६.१ प्राध्यापक तथा शिक्षकः** प्राध्यापक तथा शिक्षकहरूको लागि अन्य क्रमका अतिरिक्त देहायका सदाचार सम्बन्धी नियमहरू बनाई लागू गरिने छ :

(१) पूर्वअनुमति नलिएका विश्वविद्यालयका सबै तहका प्राध्यापकले अर्को विश्वविद्यालयमा पढाउन नपाउने व्यवस्था गर्ने ।

(२) प्राध्यापक तथा शिक्षकहरूको अध्यापन क्षमता र सीपका सम्बन्धमा विद्यार्थीहरूबाट पृष्ठपोषण (feedback) लिने दिने पद्दति बसाउने ।

(३) प्राध्यापक र शिक्षक राजनीतिक दलसँग सम्बद्ध हुन नपाउने व्यवस्था गर्ने । प्रत्यक्ष र सक्रिय सम्बद्धता देखिए सजाय गर्ने व्यवस्था गर्ने ।

(४) राजनीतिक दलसँगको सम्बद्धता भन्नाले देहायका कुरा जनाउने व्यवस्था गर्नेः

(क) दलको कुनै तहको कार्यकारी पदमा रही काम गर्नु,

(ख) राजनीतिक दलको सक्रिय सदस्य बनेमा वा आफ्नै वा छदम नामबाट लेभी तिर्नु

(ग) राजनीतिक दलसँग सम्बन्धित संगठनमा रहनु, तिनका लागि काम गर्नु र दलको कुनै तदर्थ समितिमा रही काम गर्नु,

(घ) दलको तर्फबाट चुनावमा उम्मेदवार बन्नु, दलका उम्मेदवारको प्रचार प्रसार गर्नु, दलका जुलुसमा हिड्नु,

(ङ) दलका लागि चन्दा दिनु वा चन्दा सङ्कलन गर्नु,

(च) दलले आह्वान गरेका कार्यक्रममा सहभागी हुनु,

(छ) दलका लागि सूचना बाहक वा सूचनादाताको रूपमा काम गर्नु,

(ज) दलको सदस्यता वितरण गर्नु,

(झ) राजिनामा स्वीकृत नगराई राजनीतिक पदमा उम्मेदवार बन्नु,

**९.२.६.२ निजी क्षेत्रः**

(१) राष्ट्रको हित प्रवर्द्धन हुने गरी व्यावसायिक कार्य गर्ने ।

(२) व्यवसाय गर्दा सार्वजनिक हितको संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिने ।

(३) सदाचार, सार्वजनिक मूल्य र मान्यतामा आँच आउने कार्य नगर्ने ।

(४) आम जनताको स्वास्थ्यको प्रतिकूल हुने कार्य नगर्ने, नगराउने ।

(५) गुणस्तरीय सामान र सेवा उचित मूल्यमा बजारमा प्रवाहित गर्ने । उपभोग्य मिति गुज्रिएको, म्याद नाघेको वा तोकिएको गुणस्तर, तौल, परिमाणमा नभएको सामान विक्री वितरण नगर्ने ।

(६) कृत्रिम अभावको सृजना हुने/गर्ने क्रियाकलापमा संलग्न नहुने । विशेष कारणवश अभाव हुन गएको अवस्थामा अनुचित मूल्य लिई व्यवसाय नगर्ने ।

(७) व्यावसायिक स्वस्थ प्रतिस्पर्धामा विश्वास गर्दै उपभोक्तालाई अधिकतम छनौटको अवसर दिने ।

(८) एकाधिकारको व्यवसाय र नियन्त्रित आपूर्ति प्रणाली (Syndicate/Cartelling) मा संलग्न नहुने ।

(९) व्यावसायिक बिबाद भएमा आपसी छलफलद्वारा कानून सम्मत र शान्तिपूर्ण तरिकाले विवादको निरूपण गर्ने ।

(१०) व्यवसायिक पारदर्शितालाई बढावा दिने ।

(११) उधारो लिएको रकम वा कर्जाको सही उपयोग गर्ने ।

(१२) वातावरणीय संरक्षण र सरसफाईमा विशेष संवेदनशील हुने ।

(१३) प्रचलित कानून वा प्रक्रियाको पालना गर्ने ।

(१४) कानून बमोजिम पेश गर्नु पर्ने कागजात, हर हिसाब तथा कर, दस्तुर वा महसुल समयमै सम्बन्धित कार्यालयमा पेश गर्ने । बुझाउने ।

(१५) व्यापारिक कारोवारमा प्रत्यक्ष असर पर्ने वा व्यक्तिगत फाइदाको हेतुले राजनीतिक दल वा तीनका नेतालाई चन्दा, आर्थिक सहयोग आदि नदिने ।

(१६) कसैलाई दिइने कोसेली वा उपहारको अधिकतम मूल्यको सिमा रू. पांच हजार तोक्ने ।

(१७) नेपाल उद्योग वाणिज्य महासंघबाट स्वीकृत व्यावसायिक आचार संहिता आफुले पनि पालना गर्ने र अरूलाई पनि पालना गर्न प्रोत्साहित गर्ने ।

(१८) संगठित संघसंस्थाको सामाजिक दायित्व (Corporate social responsibility-CSR) को अवधारणाअनुरूप तोकिएका सामाजिक कार्यहरू संचालन गर्ने ।

(१९) आफू वा आफूसम्वद्ध संघसंस्थाको स्वार्थ पूर्तिको लागि अनुचित प्रभाव पर्न/पार्न वा दबाब दिन नहुने र आर्थिक प्रलोभनमा पर्न/पार्न नहुने ।

(२०) आफू र आफूसंग सम्बन्धित व्यवसायको स्वार्थ गांसिएको निर्णयमा सामेल हुन नहुने।

(२१) आफू संलग्न संस्था एंव पदाधिकारीहरूका लागि प्रत्येक संस्थामा संस्थागत निष्ठा र व्यवसायिक नैतिकतासहितको आचारसंहिता वनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।

(२२) संस्थाको बार्षिक वजेट,व्यवसायिक नीतियोजना र कार्यक्रम संस्थाको केन्द्रीय कार्यकारिणीवाट अनुमोदन भएपछि मात्र कार्यान्वयनमा ल्याउनुपर्ने ।

(२३) संस्थाको कार्यसम्पादनका लागि आवश्यक पर्ने जनशक्तिको पदपूर्ति गर्दा समानता एंव समावेशिताको सिद्धान्तअनुरूप हुनेगरी पारदर्शी तवरवाट गर्नुपर्ने ।

### ९.२.६.३ सहकारी क्षेत्र

(१) सहकारिताको मूल्य, मान्यता, सिद्दान्त, मापदण्डहरूको अनिवार्य रूपमा पालना गरेर मात्र कार्य संचालन गर्नुपर्ने ।

(२) एउटा उद्देश्य राखेर स्थापना गरिएको सहकारीले अर्कै उद्देश्य र प्रयोजनमा कारोबार गर्न नहुने ।

(३) सहकारी संघ, संस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमनसम्बन्धी तोकिएका मापदण्डमा तलमाथि गरी संस्था संचालन गर्नु नहुने ।

(४) सहकारी सदस्यबाट उठेको बचत रकम अनिवार्यरूपमा सहकारी सदस्यहरूकै हितमा लगाउनुपर्ने ।

(५) बेमनासिव तवरले व्याजदरको निर्धारण र फरक–फरक व्याजदरमा ऋण प्रवाह गर्नु नहुने ।

(६) आवश्यक पर्दा सहकारी सदस्यहरूको हित गर्न नसक्ने र जगेडा कोषमा रकम रित्तिने गरी संस्थाको रकम अन्यत्र परिचालन र प्रवाह गर्नु नहुने ।

(७) कारबाहीमा परेका वा आर्थिक विवादमा मुछिएका बैंक तथा वित्तीय संस्थामा संस्थाको रकम राख्नु नहुने ।

(८) सहकारिता क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अधिकतम परिचालन गर्ने ।

(९) सहकारी संस्थाका पदाधिकारीहरू एवम् सदस्यहरूले इमान्दारिता, उत्तरदायित्व, शुद्धता, रचनात्मकता, सदस्यहरूको हित, सहयोग, नैतिक व्यवहार र व्यवसायिकतामा आँच पुग्ने कुनै कार्य गर्नु नहुने ।

(१०) सहकारीको लगानी सहकारिताको सिद्दान्तविपरीत सदस्यको हितभन्दा बाहिरका नाफामुखी, आर्जनमुखी एवम् सट्टेबाजी

(Speculative) व्यापार, व्यवसाय र काममा प्रवाह गर्नु नहुने ।

(११) सहकारी संस्थाले आफ्नो कार्य सम्पादनका लागि आन्तरिक कार्यविधि निर्धारण तथा सार्वजनिकीकरण गरी लागू गर्नुपर्ने ।

(१२) सहकारीको अवधारणाअनुसार जनमानसमा केन्द्रित भई सहकारिताको माध्यममार्फत तिनीहरूकै हितमा परिचालित हुनुपर्ने । सहरमुखी र सुबिधामुखी भई संस्था संचालन गर्नु नहुने ।

(१३) लाभको पद धारण गरेको व्यक्ति सहकारी संस्थाको संचालक समितिमा बस्न नपाउने ।

(१४) सहकारी संस्थाले संकलन गर्ने निक्षेप तथा प्रवाह गर्ने कर्जाको विधि, प्रक्रिया आदिका बारेमा जानकारी गराउन प्रत्येक संस्थाले बडापत्र तयार गरी संस्थाको कार्यालयमा सबैले देख्ने स्थानमा राख्नुपर्ने ।

(१५) सहकारी संस्थाको लेखापरीक्षणको कार्य एउटै परीक्षकले लगातार तीन वर्षभन्दा बढी गर्न, गराउन नपाउने ।

(१६) सदस्यबीच कर्जा प्रवाह गर्दा कर्जा लगानीको पर्याप्त सुरक्षण नभई गर्न नपाउने ।

९.२.६.४ **अन्य**: देहायका विषयका सम्बन्धमा सदाचारसम्बन्धी नियमहरू बनाई लागू गरिनेछ:

(१) नेपाल सरकारको स्वीकृति नभई राजपत्राङ्कित विशिष्ट श्रेणी र सो भन्दा माथिल्लो तहका पदाधिकारीले गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खर्चमा विदेश भ्रमण गर्न नहुने ।

(२) कुनै पनि सरकारी पदाधिकारी वा अधिकृत विदा लिएर कुनै गैरसरकारी संस्थाको प्रायोजनमा विदेश भ्रमण गर्न नहुने ।

(३) कुनै पनि सरकारी अधिकृत वा पदाधिकारी वा सेवा निवृत्त पदाधिकारी समेतले विदेशमा आयोजना हुने कार्यक्रममा प्रस्तुत गरेको कार्यपत्र वा मन्तव्यसहितको कार्यप्रतिवेदन भ्रमण सकी स्वदेश फर्किएको ७ (सात) दिनभित्र सम्बन्धित मन्त्रालयमा प्रतिवेदन गर्नुपर्ने ।

(४) सरकारी सेवामा रहेका वा सेवा निवृत्त व्यक्तिले कुनै सार्वजनिक मन्तव्य दिँदा वा लेख, रचना वा पुस्तक प्रकाशन गर्दा सेवामा रहँदा पदीय हैसियतमा हासिल गरेका गोपनीय विषय प्रकट वा प्रकाशन गर्न नहुने ।

## १०. कानूनी व्यवस्था

(१) नीतिले अंगिकार गरेका नियमहरूलाई समेटेर राष्ट्रिय स्तरमा एकीकृत आचार संहिता / सदाचारिता ऐनको निर्माण गरिनेछ ।

(२) यस नीतिका प्रावधानको कार्यान्वयनका लागि कामको प्रकृति अनुसार सबै तहका सबै संस्थाले आचार संहिता सम्बन्धी नियमहरू बनाई लागू गर्नु पर्ने व्यवस्था गरिनेछ ।

(३) यस नीतिका प्रावधानअनुसार सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र सहकारी क्षेत्रका संस्थाहरूले आफ्नो कामको प्रकृतिअनुसार क्षेत्रगत विशेषतासँग मिल्ने गरी आचार संहिता बनाई अनिवार्य रूपमा लागू गर्ने व्यवस्था गरिनेछ ।

(४) सबै संस्थाले निर्माण गरी लागू गरिएका आचार संहितासम्बन्धी नियमहरू आफ्नो वेबसाइटमा अनिवार्य रूपमा राख्ने व्यवस्था गरिनेछ ।

## ११. संस्थागत व्यवस्था

(१) सदाचार पद्दतिको विकास र कार्यान्वयनको बारेमा अध्ययन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतको राष्ट्रिय सतर्कता केन्द्रले वार्षिक प्रतिवेदन तयार गर्नेछ ।

(२) यस केन्द्रले सदाचार पद्दतिको विकासको लागि नीतिगत व्यवस्था, अध्ययन अनुसन्धान, सदाचार पद्दति सम्बन्धी सूचना तथा संचारको कार्य गर्ने गरी कानूनी व्यवस्था गरिनेछ ।

(३) यस केन्द्रले देशको समग्र सदाचार पद्दतिको कार्यान्वयनको निरीक्षण तथा अनुगमन गरी वार्षिक रूपमा नेपाल सरकार समक्ष प्रतिवेदन पेश गरी सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

(४) सबै तहका न्यायालयको हकमा न्याय परिषदले सदाचारको विषय हेर्ने व्यवस्था गरिनेछ ।

## १२. कार्यान्वयनसम्बन्धी व्यवस्था

(१) संघ, प्रदेश र स्थानीय तहका प्रत्येक निकायहरूले आ—आफ्नो संस्थामा सदाचार पद्दतिको कार्यान्वयनको सहजीकरणको लागि सदाचार हेर्ने अधिकारी तोक्नुपर्नेछ ।

(२) उक्त अधिकारीमार्फत् सम्बद्ध सबैलाई सदाचारका नियमहरूको बारेमा शिक्षा दिने / जानकारी दिने पद्दतिको विकास गरिनेछ ।

(३) उक्त अधिकारीले नियमित रूपमा संस्था प्रमुख समक्ष प्रतिवेदन दिने र त्यसलाई संस्थाको वेबसाइटमार्फत् सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

(४) उक्त अधिकारीले तयार गरेको प्रत्येक प्रतिवेदन राष्ट्रिय सतर्कता केन्द्रमा अनिवार्य रूपमा पठाउनु पर्ने व्यवस्था गरिनेछ ।

## १३. विविधः

सदाचारका नियमहरूको प्रभावकारी कार्यान्वयनको लागि अन्य कुराका अतिरिक्त देहायको व्यवस्था मिलाइने छः

(१) जनइच्छासँग सदाचारका मूल्यहरूलाई आबद्ध (Aligning) गर्ने व्यवस्था मिलाइनेछ।

(२) राजनीतिक नेता तथा उच्च पदस्थ अधिकारीहरूले सदाचारका नियमहरूको पालनामा उदाहरणीय बन्ने परिपाटीको विकास गर्न सदाचारका नियमहरू बारे राजनीतिक कार्यकर्तामा व्यापक रूपमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

(३) ठूला लगानी भएका आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा सदाचारका नियमहरूको पालना गराउन छुट्टै विशेष व्यवस्था गरिनेछ ।

(४) केन्द्रमा मूल नीति र प्रदेश तथा स्थानीय तहमा स्थानीय परिवेश अनुरूपको सदाचार पद्धतिको विकास गरिनेछ ।

(५) प्रदेश र स्थानीय सरकारले संविधान र संघीय कानूनको प्रतिकूल नहुने गरी सदाचार/ आचरण सम्बन्धी नियमहरू बनाई कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिनेछ।

(६) नागरिकको चाहना र माग बमोजिमको सार्वजनिक कामको प्रबन्ध र सेवाको उत्पादन र वितरणमा ध्यान दिने व्यवस्था मिलाइने छ ।

(७) प्रवाह गरिने सेवाको गुणस्तर उपयुक्त हुने गरी सेवाको व्यवस्था गरिनेछ । तल्लो तहसम्म सेवा प्रवाहमा गुणस्तर मापन गर्ने व्यवस्था मिलाई गुणस्तरहीन सेवा प्रवाह गर्ने उपर कडा कारवाही गर्ने कानूनी व्यवस्था गरिनेछ ।

(८) सार्वजनिक काम गर्ने / सेवा प्रवाह गर्ने संयन्त्रलाई सेवाग्राहीप्रति उत्तरदायी हुने स्पस्ट व्यवस्था गरिनेछ ।

(९) सार्वजनिक कार्यलाई पारदर्शी बनाउँदै सार्वजनिक काम र सेवाको उत्पादन र वितरणमा सेवाग्राहीको सहभागिता हुने स्पस्ट व्यवस्था गरिनेछ।

(१०) सार्वजनिक कार्यलाई सेवा प्राप्त गर्नेको अधिकार र सेवा प्रदायकको कर्तव्यको रूपमा देखिने गरी स्पस्ट कानूनी व्यवस्था गरिनेछ ।

(११) सबै किसिमका सार्वजनिक कार्यको आवधिक प्रतिवेदन र प्रभावकारी अनुगमनको व्यवस्था गरी त्यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउने प्रबन्ध मिलाइनेछ ।

## १४. नीतिको समीक्षा र परिमार्जन सम्बन्धि व्यवस्थाः

(१) सदाचार नीतिको समीक्षा वार्षिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्नेछ ।

(२) राष्ट्रिय सदाचार नीतिमा समयसापेक्ष परिमार्जन नेपाल सरकारले गर्नेछ ।

## १५. राष्ट्रिय सदाचार नीतिको प्रयोग

(१) यो नीतिको प्रयोग सार्वजनिक,निजी,सहकारी र गैर सरकारी संघसंस्थाका पदाधिकारी तथा कर्मचारीको हकमा लागू हुनेछ ।

(२) माथि उल्लेख भएका पदाधिकारी मध्ये जो जसका सन्दर्भमा यस्ता नियमहरूको व्यवस्था गरिएको छैन तिनका लागि छुट्टाछुट्टै वा एकीकृत सदाचार नियमहरूको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

(३) यो नीति बन्नु भन्दा पहिले आचरणका नियमहरू बनाई लागू गरेका संस्थाहरूले यस नीतिमा उल्लेख भएका सदाचार सम्बन्धी मूलभूत मूल्य मान्यता अनुकूल एकरूपता हुने गरी आचरणका नियमहरू बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

## १६. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

(१) राष्ट्रिय सतर्कता केन्द्रले देशमा सदाचार नीतिको कार्यान्वयनको अनुगमन, नियमन तथा मूल्याङ्कनको व्यवस्था गर्नेछ ।

(२) केन्द्रले हरेक संस्था वा तहमा रहेका सदाचार इकाईले दिएका प्रतिवेदनहरूको अध्ययन गर्ने र ती प्रतिवेदनका विषयहरू कुन हदसम्म जायज छन् भन्ने एकीन गर्न सक्नेछ ।

(३) अनुगमन, नियमन तथा मूल्याङ्कनको व्यवस्था कानूनमा भए अनुसार हुनेछ । कानून बनेर कार्यान्वयनमा नआउन्जेल केन्द्रले तोके बमोजिम हुने व्यवस्था गरिनेछ ।

(४) अनुगमन, नियमन तथा मूल्याङ्कन गरेर प्राप्त भएको नतिजा वेबसाइटमा अनिवार्य राखे व्यवस्था गरिनेछ ।

## १७. जोखिमः

यो निति कार्यान्वयन गर्दा निम्न प्रकृतिका जोखिमहरुको सामना गर्नुपर्ने हुनसक्छः

(१) पर्याप्त प्रचारप्रसारको अभावले जनतामा सदाचार पद्धतिको बारेमा जनचेतना जगाउन कठिन हुन सक्ने ।

(२) राजनैतिक र नैतिक शिक्षाको कमीले सदाचारिताको प्रर्वद्धन गर्न समय लाग्ने ।

(३) शासकीय व्यवस्थाका बहुपात्रको मनोवृति र व्यवहारमा सुधार गर्न समय लाग्ने ।

(४) नागरिक खबरदारी र दबाबको निरन्तरतामा कमि हुन सक्ने ।

## अनुसूची १

### सदाचार पद्दतिसम्बन्धी शब्दावलीहरूको परिभाषा

(१) सार्वजनिक काम भन्नाले नागरिकको हितको लागि प्रत्यक्ष वा परोक्ष रूपमा गरिने काम सम्झनु पर्छ ।

(२) नैतिकता भन्नाले असल निय त राखी नीति नियमको परिधिभित्र रही असल आचरण प्रदर्शन गर्नुलाई सम्झनुपर्छ ।

(३) सदाचार भन्नाले साधनश्रोतको कानूनसंगत प्रयोग र कानून वमोजिम वाहेक काम गरिदिए वापत कसैवाट कुनै वस्तु वा नगद नलिई काम गर्नेलाई सम्झनुपर्छ ।

(४) पदाधिकारी भन्नाले संविधान,अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा वहाल रहेको व्यक्ति सम्झनुपर्छ ।

(५) सदस्य भन्नाले सार्वजनिक संस्थाका पदाधिकारीलाई सम्झनुपर्छ ।

(६) कर्मचारी भन्नाले सरकारी कोषवाट तलवभत्ता लिने जनशक्तिलाई सम्झनुपर्छ ।

(७) भ्रष्टाचार भन्नाले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून वमोजिम सजायँ हुने कसूरलाई सम्झनुपर्छ ।

(८) अनुचित कार्य भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिले जानी जानी वा लापरवाहीसाथ कानूनले गर्नु भनेको कार्य नगर्नु वा कानूनले नगर्नु भनेको कार्य गर्नुलाई सम्झनुपर्छ ।

(९) अनियमितता भन्नाले नियम विपरितका क्रियाकलापलाई सम्झनुपर्छ ।

(१०) स्वार्थ बाझेको भन्नाले कानून वमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रतक्ष्य रूपमा आफ्नो कुनै हित,सरोकार वा स्वार्थ जोडिएको विषय वा निजले गरेको निर्णयवाट आफ्ना नातागोतालाई फाइदा पुग्ने स्वार्थ जोडिएको विषय सम्झनुपर्छ ।